# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८ ) काठमाडौं, मंसीर २९ गते २०४५ साल ( अतिरिक्ताङ्क ५५ (क)

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

५६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न केही महसूल, कर, पोत, शुल्क र दस्तूर लगाउन, लगाई राखेकोलाई चालू राख्न वा हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यस ऐनको नाम "आर्थिक ऐन, २०४५" रहेको छ।

१.२ यस ऐनको दफा १,२,३,४ र १३–२०४५ साल आषाढ २४ गतेदेखि र अरू दफाहरू २०४५ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. भन्सार महसूल:

२.१ नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्य-भित्र पैठारी हुने माल वस्तुहरूमा अनुसूची १,२,३ र ४ बमोजिम भन्सार महसूल (साधारण भन्सार महसूल, अतिरिक्त भन्सार महसूल र समिकारक महसूल) लगाइने र असूल उपर गरिनेछ।

२.२ भन्सार महसूलसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ।

३. अन्तःशुल्क:

३.१ नेपाल अधिराज्यभित्रका मिल वा कारखानामा उत्पादन वा तयार भएका माल वस्तु वा पदार्थमा अनुसूची–५ बमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ।

३.२ उपदफा ३.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कपडा उद्योगहरूको उत्पादनमा अन्तःशुल्क दरमा २५ प्रतिशत छूट दिइनेछ। गत आर्थिक वर्ष-भन्दा बढी कपडा उत्पादन गर्ने उद्योगहरूलाई बढी उत्पादन गरे जतिको परिमाणमा थप २५ प्रतिशत अन्तःशुल्क छूट दिइनेछ। गत आर्थिक वर्षमा पूरा अवधि नचलेको उद्योगलाई चलेको अवधिको आधारमा दामासाहीले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वार्षिक उत्पादन कायम गरी सो भन्दा बढी उत्पादन गरे जतिमा मात्र थप अन्तःशुल्क छूट दिइनेछ ।

३.२ अन्तःशुल्कसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।

४. बिक्री करः

४.१ आर्थिक वर्ष २०४५।४६ मा अनुसूची–६ बमोजिम बिक्री कर लगाइने र असूल उपर गरिनेछ ।

४.२ देहायका माल सामान उत्पादन गर्ने घरेलु उद्योगलाई बिक्रेतामा दर्ता गरी त्यस्ता उद्योगले गरेको उत्पादनमा बिक्रीकर असूल गरिनेछः–

(क) सबै प्रकारका मदिराहरू (अविकसित क्षेत्रमा स्थापना हुने फलफूल-बाट निर्मित मदिराबाहेक) बियर, छयाङ्ग र कार्बोनाइज्ड हल्का पेयहरू,

(ख) चुरोट, सिगार, बिडी र सुर्तिबाट बनेका अन्य सामानहरू,

(ग) चिरानी काठ (सःमिलमा चिरानी भएको),

(घ) बहुमूल्य ढुंगा जवाहिरात कटिंग, पोलिसिङ्ग,

(ङ) कत्था र टेनिङ ।

४.३ उपदफा ४.२ मा उल्लेखित मालसामानहरू उत्पादन गर्ने घरेलु उद्योगहरू बाहेक अरू घरेलु उद्योगहरूको हकमा औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम हुनेछ ।

४.४ साना, मझौला तथा ठूला उद्योगहरूलाई बिक्रेतामा दर्ता गरी ती उद्योग-हरूबाट उत्पादित मालसामानको बिक्री अवस्थामा बिक्रीकर लगाई असुल उपर गरिनेछ ।

तर देहायका उद्योगहरूको हकमा आवश्यक पर्ने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थको पैठारी अवस्थामा नै बिक्रीकर लगाई असूल उपर गरिनेछः–

(क) फोटोग्राफी,

(ख) रेडिमेड गार्मेण्ट,

(ग) प्याकिङ्ग मात्र गर्ने,

(घ) चलचित्र उत्पादन गर्ने व्यवसाय ।

४.५ स्वदेशी शिशाकलम उद्योगले उत्पादन गर्ने शिशाकलममा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिइनेछ ।



५६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.६ परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी कुनै उद्योगले आफ्नो उत्पादन नेपाल अधिराज्यमा नै बिक्री गरेमा बिक्रीकर पूर्णरूपमा छूट दिइनेछ।

४.७ बिक्रीकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ।

५. हवाई उडान करः आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ।

६. आयकरः

६.१ आर्थिक वर्ष २०४५।४६ मा अनुसूची–७ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ।

६.२ नेपाल अधिराज्यबाट विदेश निर्यात गरी आर्जन गरेको आयमा आयकर लगाइनेछैन।

तर यस्तो सुविधा प्राप्त गर्न बैंकमार्फत निकासीको कारोवार गरी निर्यातबाट प्राप्त विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाणसहित प्रचलित कानूनबमोजिम आय विवरण पेश गर्नु पर्नेछ।

६.३ नेपाल अधिराज्यभित्र पैठारी हुने व्यापारिक मालसामानहरूमा पैठारीकै अवस्थामा भन्सार प्रयोजनको लागि कायम गरिएको मूल्यमा पाँच प्रतिशतका दरले पैठारी कर्ताहरूबाट अग्रिम आयकर असूल गरिनेछ। यसरी कट्टा गरिएको अग्रिम आयकर अन्तिम कर निर्धारण हुँदा मिलान गरिनेछ।

तर श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मुलुकबाट पैठारी हुने तोकिएका वस्तुहरूको पैठारी-मा माथि उल्लेखित अग्रिम आयकरको दर घटाउन वा त्यस्तो अग्रिम आयकर असूल नगर्ने व्यवस्था गर्न सक्नेछ।

६.४ नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन गर्ने विदेशी हवाई कम्पनीहरूलाई उनीहरूले नेपाल अधिराज्यभित्र गरेको कुल कारोवार रकमको पाँच प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ।

तर नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरूलाई उनीहरूले नेपाल अधिराज्यमा गरेको कुल कारोवार रकमको दुई प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ।

६.५ कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थानहरूले वितरण गर्ने लाभांशको आयमा पचासी प्रतिशत छूट दिई बाँकी रकममा मात्र करदाताको अन्य आय भए सोमा समावेश गरी आयकर लगाइनेछ।

५६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.६ फिल्म डिष्ट्रिव्यूटर कर खारेज गरिएको छ ।

६.७ आयकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।

७. शहरी क्षेत्रको घर जग्गा कर:

७.१ आर्थिक वर्ष २०४५।४६ मा अनुसूची–८ बमोजिम शहरी क्षेत्रको घर जग्गामा घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

७.२ घर जग्गा करको प्रयोजनको लागि मूल्याङ्कन गर्दा घरतर्फ श्री ५ को सरकारले तोकेको दरमा मूल्याङ्कन गर्दा हुन आउने रकममा ह्रास कट्टी गरी बाँकी हुने मूल्यको सत्तरी प्रतिशतमात्र करयोग्य मूल्य कायम गरिनेछ । जग्गातर्फ प्रत्येक शहरी क्षेत्रको प्रत्येक अञ्चलको सडक तथा बाटोको वर्गीकरणको आधारमा श्री ५ को सरकारले तोकेको मूल्यको बीस प्रतिशतमात्र करयोग्य मूल्य कायम गरिनेछ ।

८. ठेक्का कर:

८.१ आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।

८.२ कुनै व्यक्तिले एक आर्थिक वर्षभित्र एक पटक वा पटक पटक गरी पचास हजार रूपैयाँसम्मको मालसामानमात्र कसैलाई आपूर्ति गर्ने ठेक्कामा ठेक्काकर लाग्नेछैन ।

८.३ विदेशी मुद्रामा भुक्तानी पाउने गरी सामान आपूर्ति गर्दा विदेशी कम्पनी तथा सप्लायर्सलाई ठेक्काकर नलाग्ने रहेछ भने त्यस्तो ठेक्कामा स्वदेशी उद्योगले प्रतिस्पर्धा गरी ठेक्का प्राप्त गरी नेपाली रूपैयाँमा भुक्तानी पाउनेमा पनि ठेक्का कर लाग्नेछैन ।

८.४ ठेक्का करसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।

९. होटल कर: आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम होटल कर लगाइने र असूल उपर गरिनेछ ।

१०. सवारी साधन कर: आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

११. मनोरञ्जन कर: आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

१२. ब्याज कर: आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम ब्याजकर लगाइने र असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. सडक पुल सम्भार करः आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम सडक पुल सम्भार कर लगाइने र असूल उपर गरिनेछ।

१४. टेलिभिजन र भिडियो डेकमा लाग्ने दस्तूरः आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम टेलिभिजन र भिडियो डेकमा दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१५. मालपोत तथा भूमिकरः

१५.१ आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम मालपोत, भूमिकर तथा स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ।

१५.२ नगर पञ्चायत क्षेत्रभित्र भूमिकरको सम्बन्धमा देहायबमोजिम हुनेछः–

(क) जग्गा (नाप जाँच) ऐन, २०१९ अनुसार नगर पञ्चायत क्षेत्रभित्र शहरी क्षेत्रको वर्गीकरण भैसकेको जग्गामा वर्ग अनुसार नै भूमिकर असूल गरिनेछ।

(ख) वर्गीकरण गरिनसकिएको नगर पञ्चायत क्षेत्रको जग्गाको सम्बन्धमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा (च) वर्गको भूमिकरको दर अनुसार भूमिकर लिइनेछ।

१५.३ मालपोत तथा भूमिकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ।

१६. रजिष्ट्रेशन दस्तूरः

१६.१ आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ।

१६.२ हाउसिंग कम्पनीहरूले खरीद गर्दा रजिष्ट्रेशन दस्तूर तिरी सकेको जग्गा बेच्दा लाग्ने रजिष्ट्रेशन दस्तूरमा असी प्रतिशत छूट दिइनेछ।

१६.३ नगर पञ्चायतको शहरी क्षेत्रको लागि तोकिएको रजिष्ट्रेशन दस्तूर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य शहरी क्षेत्रमा लागू हुनेछ।

१६.४ रजिष्ट्रेशन दस्तूरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ।

१७. दर घटाउन सक्नेः श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा २ मा उल्लेखित भन्सार महसूलको दर घटाउन सक्नेछ।

५६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – १

# भन्सार महशूल दरबन्दी

| सङ्केत नं. | माल वा वस्तुको नाम | महशूल दर प्रति १०० के. जी. वा मो. प्र. श. (%) (अन्यथा केही उल्लेख नभएको भए) | |
|---|---|---|---|
| | | पैठारी | निकासी |
| | | साधारण भन्सार महशूल | भन्सार महशूल |
| १ | २ | ३ | ४ |
| ०४.०१ | दूध र तर, ताजा, नजमाएको वा गुलियो नगरेको | माफी | |
| ०७.०६ | मनिओक (नलिजस्तो जरा हुने जराको पिठो) आरारोट सालमिश्री हात्तिपाइले साग, सखरखण्ड र अन्य यस्तै जरा गानोहरू (जसमा धेरै मात्रामा माडजस्तो पदार्थ वा ईन्यूल भएको) ताजा सुकाएको सिंगै वा ताछेको, काट-कुट गरेको, सावुदानासमेत | ५% | |
| ०९.०२ | चियाः | | |
| | (१) काँचो पत्ति | ५% | |
| | +(२) तिब्बतमा पाउने चिया (भोटे चिया) | माफी | |
| | (३) खुला (लुज) चिया | १०% | |
| | (४) अन्य चिया | १०% | |
| ०९.०३ | दक्षिण अफ्रिकामा पाइने एक किसिमको सुकेको पत्ति (पारागुए चिया) | १०% | |
| १४.०१ | बुन्न वा बाट्न प्रयोग गरिने वनस्पति पदार्थ (जस्तै अन्नको पराल, सफा गरेको, प्रशोधन गरेको वा रंगाएको जलवेत, निगालो, नरकट, वेत, बाँस, खजुर या ताड र लाइम रूखको बोक्रा): | | |

४६९ ००५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (१) वेत | माफी | |
| | (२) अन्य | माफी | |
| १४.०५ | वनस्पति उत्पादन अन्यत्र नपरेको: | | |
| + | (४) खयर, मुढा, हांगा, बिंगा, ठुन्का, जरा, टुक्रा, चोइटाचोइटी र धूलोसमेत | ३०० | |
| | (११) खयरको जरा | ३०० वा प्रति जरा रु. १०० जुन बढी हुन्छ । | |
| +१५.०७ | फिक्सड वनस्पति तेल, तरल वा ठोस कच्चा वा शुद्ध गरिएको वा प्रशोधित गरिएको: | | |
| | (झ) नरिवलको तेल | १०% | |
| +१७.०१ | चुकन्दरको चिनी वा उखुको चिनी, ठोस रूपमा: | | |
| | (क) कच्चा चिनी: | | |
| | (१) खाँडसारी | १०% | |
| | (ख) अन्य (चिनी र मिश्रीसमेत) | १०% | |
| १७.०२ | ठोस रूपमा रहेका अरू चिनी, रंगाउने पदार्थ वा वासना आउने पदार्थ नमिसाएको चिनीको झोल, कृत्रिम मह, चाहे त्यो प्राकृतिक महसित मिसिएको होस् वा नहोस् चासनी: | | |
| | (१) ग्लुकोज | ५% | |
| १९.०४ | सावुदाना जस्तै खाद्य वस्तु (ट्यापियोका) र सावुदाना, आलु वा अन्य माडबाट प्राप्त गरिएको ट्यापियोका र सावुदानाका पूरक वस्तु | ५% | |
| २५.१७ | गिटी र टुक्र्याइएका वा पिंधिएका ढुंगाहरू (तापित वा अतापित), ककड म्याकडम र | | |

२६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | मिश्रित म्याकडम, साधारणतया कंक्रिट जोड्दा, सडक धातुकरण गर्दा र अन्य बोझ लगाउने काममा प्रयोग गरिने, अग्निप्रष्तर र बाटुलिएका पत्थरहरू (शिंगल) तापित वा अतापित ढुंगाका साना टुक्राहरू र गिर्खाहरू र संकेत नं. २५.१५ र २५.१६ मा पर्ने ढुंगाको धूलोहरूः | | |
| | (१) सडक निर्माण गर्ने टुक्र्याइएका ढुंगाहरू घ.मि. | | ५० |
| | (२) नटुक्र्याइएको स-साना ढुंगाहरू घ.मि. | | १०० |
| | (३) सिंगमरमरका टुक्राहरू र धूलो | १०% | |
| २७.०१ | कोइला, ब्रिक्वित (संगठित धूलो) गोलाकार र त्यस्तै ठोस इन्धनहरू (कोइलाबाट उत्पादित) | | |
| | (क) एन्थासाइट, चूर्ण पारिएको वा नपारिएको तर असंगठित | ५% | |
| | (ख) अन्य कोइला चूर्ण वा अचूर्ण तर असंगठित | ५% | |
| | (ग) संगठित धूलो, गोलाकार र अन्य त्यस्तै कोइलाबाट बनेको इन्धनहरू | ५% | |
| ३२.०४ | वनस्पतिमूलक रंगाउने पदार्थहरू (डाइउड निष्कर्षण र अन्य वनस्पतीय डाइनिष्कर्षण समेत तर निरबाहेक) वा प्राणीमूलक रंगाउने पदार्थहरूः | | |
| | (१) धूलो रूपमा रहेको कत्था (कुनै पनि रूपमा रहेको कच्छ) | | १०० |
| | (२) अन्य प्रक्रिया लगाइएको कत्था | | ४०० |
| ३८.०८ | खोटो र तिनका अम्लहरू र तिनका व्युत्पत्तिहरू (संकेत नं. ३९.०५ का इस्टर र गम बाहेक) खोटो तेलहरूः | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (१) सल्लाको खोटो (चोप) | | २०% |
| | (२) अन्य | | ५% |
| ४४.०१ | बाल्ने दाउरा, मुढा, ठुन्का, हांगा बिंगा वा दाउराको मुढा, चोइटा-चोइटी र काठको धूलोसमेत: | | |
| | (क) बाल्ने दाउरा, मुढा, ठुन्का, हांगा बिंगा | | १०० |
| | (ख) काठको खेर फालेको पदार्थ र काठको धूलोसमेत | | १०० |
| ४४.२८ | काठका अन्य सामान: | | |
| | (४) मेच स्लिण्ट्स (मसला नहालेको सलाईको कांटी) | १०% | |
| ५५.०५ | खुद्रा बिक्रीमा नराखेको कपासको धागो: | | |
| | (क) एक्लो धागोमा १४,००० मि. प्रति कि. ग्रा. (मे. नं. १४) भन्दा बढी नाप नभएको: | | |
| | (१) रंगाएको कपासको धागो | माफी | |
| | (२) अन्य | माफी | |
| | (ख) एक्लो धागोमा १४,००० मि. प्रति कि.ग्रा. भन्दा बढी र ४०,००० मि. प्रति कि. ग्रा. (४० मे.नं.) भन्दा बढी नभएको: | | |
| | (१) रंगाएको | माफी | |
| | (२) अन्य | माफी | |
| | (ग) एक्लो धागोमा ४०,००० मि. प्रति कि.ग्रा. भन्दा बढी र ८०,००० मि. प्रति कि. ग्रा. (८० मे. नं.) भन्दा कम भएको: | | |
| | (१) रंगाएको | माफी | |
| | (२) अन्य | माफी | |

562  105

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (घ) एक्लो धागोमा ८०,००० मि. प्रति कि. ग्रा. वा सोभन्दा बढी भएको | | |
| | (१) रंगाएको | माफी | |
| | (२) अन्य | माफी | |
| ५५.०७ | पातलो पारदर्शक जाली कपडा (गज): | | |
| | (क) रासायनिक तरीकाले नधोएको, मर्सराइज नगरेको | १०% | |
| | (ख) अन्य | १०% | |
| ५५.०८ | नकाटी बुनिएको कपडा (टेरी) तौलिया र यस्तै नकाटी बुनेका कपासका कपडा: | | |
| | (क) रासायनिक तरीकाले नधोएको, मिहिन (मर्सराइज नगरेको) | १०% | |
| | (ख) अन्य | १०% | |
| ५५.०९ | कपासमा बुनिएका अन्य कपडा: | | |
| | (क) वजनमा ८५% वा सोभन्दा बढी कपास भएको रासायनिक तरीकाले नधोइएको र मिहिन नगरेको कपडा: | | |
| | (१) १००% कपासको वजन भएको कपडा | १०% | |
| | (२) अन्य | १५% | |
| | (ख) वजनमा ८५% वा सोभन्दा बढी कपास भएको, रासायनिक तरीकाले धोएको, रंगाएको, छापेको वा मिहिन गरेको, नखुम्चिने र अरगण्डी प्रोसेस समेत गरेको अन्य कपडा: | | |
| | (१) १००% कपासको वजन भएको कपडा | १०% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (२) अन्य | १५% | |
| | (ग) वजनमा ८५% भन्दा कम कपास भएको, रासायनिक प्रशोधन नगरिएको, मिहिन नगरिएको कपडा | १५% | |
| | (घ) वजनमा ८५% भन्दा कम कपास भएको, रासायनिक तरीकाले धोएको, रंगाएको, छापेको वा मिहिन गरेको नखुम्चिने र अरगण्डी प्रक्रिया गरेको अन्य कपडा | १५% | |
| ५८.०२ | अन्य गलैंचा, गलैंचाको सामान, कम्बल, गुन्द्री, अरू ओछ्याउने सामान र "केलेम" "सुम्याक" र "कारामेनी" कम्बल र यस्तै सामान (तयारी गरेको वा नगरेको): | | |
| | (ञ) अन्य कपडा पदार्थको गुच्छा बाहेकको | | |
| | (१) सतरंजा र अरू सूतीको गलैंचा | १५% | |
| ६०.०२ | पञ्जा र औंला नभएको पञ्जा क्रोचेटेड र निटेड लचकदार नभएको र रबर मिश्रित नगरेको: | | |
| | (२) सूती | १५% | |
| ६०.०३ | मोजा लामो, प्याण्टी, छोटो मोजा, पट्टी, रबराइज्ड र लचकदार नभएको निटेड र क्रोचेटेड: | | |
| | (२) सूती | १५% | |
| ६०.०४ | अधोवस्त्र (अण्डरगारमेण्ट) रबराइज्ड र लचकदार नभएको निटेड र क्रोचेटेड: | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (ग) मानिसको र केटाहरूको सूतीको कमिज | १५% | |
| | (घ) सूतीको अरू अधोवस्त्र | १५% | |
| ६०.०५ | लचकदार नभएको र रबर मिश्रित नगरेको निटेड र क्रोचेटेड बाहिरी वस्त्र र अन्य सामान | | |
| | (ख) सूतीको जर्सी, स्वीटर, बन्धन रहित पोशाक, ट्वीन सेट, ऊनको जाकेट, वेडजाकेट र महिलाको खुकुलो जाकेट (जम्पर) | १५% | |
| | (छ) सूतीबाट बनेको महिला, केटीहरू र साना बच्चाहरूको पोशाक स्कर्ट, सुट र भेषभूषा | १५% | |
| | (ठ) सूतीबाट बनेको अन्य बाहिरी वस्त्र र त्यसका सामानः | | |
| | (१) टाइ (कण्ठबन्धन), स्कार्फ | १५% | |
| | (२) अन्य | १५% | |
| | (त) अन्य सामानः | | |
| | (१) सूतीको | १५% | |
| ६०.०६ | निटेड र क्रोचेटेड कपडा र त्यसबाट बनेको सामान, लचकदार र रबर मिश्रित (लचकदार घुंडाको टोपी वा लचकदार लामो मोजा समेत) | | |
| | (क) कपडाः | | |
| | (१) सूतीको | १५% | |
| | (ख) सामानः | | |
| | (२) सूती | १५% | |
| +६१.०१ | लोग्नेमानिस र केटाको बाहिरी पोशाकः | | |
| | (क) संकेत नं. ५९.०८,५९.११ वा ५९.१२ अन्तर्गत पर्ने कपडाको पोशाक (निटेड वा क्रोचेटेड बाहेक) | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (१) सूतीको | १५ % | |
| | (ग) अन्य रेशाको ओभरकोट र अन्य कोटः | | |
| | (१) सूतीको | १५% | |
| | (ङ) सूतीको सूट | १५% | |
| | (झ) सूतीको प्यान्ट, सुरूवाल र यस्तै पोशाक | १५% | |
| | (ड) सूतीको जाकेट, खेलकूदको कोट (ब्लेजर) | १५% | |
| | (थ) सूतीको अन्य तयारी पोशाक | १५% | |
| ६१.०२ | महिला, केटी र साना बच्चाको बाहिरी तयारी वस्त्र (पोशाक): | १५% | |
| | (क) कपडाको तयारी पोशाक (संकेत नं. ५९.०८, ५९.११ वा ५९.१२ को निटेड र क्रोचेटेड बाहेक | | |
| | (१) सूतीको | १५% | |
| | (ग) सूतीको कोट र जाकेट | १५% | |
| | (छ) सूतीको सूट र पोशाक | १५% | |
| | (ठ) सूतीको पोशाक | १५% | |
| | (ण) सूतीको स्कर्ट | १५% | |
| | (द) सूतीको चोलो (ब्लाउज) | १५% | |
| | (फ) सूतीको अन्य तयारी पोशाक | १५% | |
| ६१.०३ | मानिस र केटाको अधोवस्त्र, घाँटीमा बाँध्ने पेटी (कठालो) कमिजको अग्रभाग नारीमा बाँध्ने फित्तासमेतः | | |
| | (क) सूतीको कमिज | १५% | |
| | (घ) सूतीको अधोवस्त्र, कमिज बाहेक | १५% | |
| ६१.०४ | महिला, केटी र साना बच्चाको अधोवस्त्र | | |
| | (क) सूतीको | १५% | |
| ६१.०५ | जेवी रूमालः | | |

५६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (१) सूतीको | १५% | |
| ६१.०६ | शाल, दोशल्ला, स्कार्फ, गलबन्दी, मेन्टीला (पन्चु) (बाहुला नभएको ओढ्ने) मजेत्रो, घुम्टो र यस्तैः | | |
| | (१) सूतीको | १५% | |
| ६१.०७ | टाई, बोटाई, सुर्केनी टाईः | | |
| | (१) सूतीको | १५% | |
| ६१.०९ | महिलाको दरो भित्री चोली, चोलीको पेटी, इजार पेटी, ब्रेसियर, कस्ने फित्ता, इजार बाँध्ने (गार्टर) र यस्तै (निटेड र क्रोचेटेडबाट बुनेको कपडाको त्यस्तो सामानसमेत) इलाष्टिक भएको वा नभएकोः | | |
| | (क) ब्रेसियरः | | |
| | (१) सूतीको | १५% | |
| | (ख) अन्यः | | |
| | (१) सूतीको | १५% | |
| ६१.१० | पंजा, औंला नभएको पंजा, लामो मोजा, छोटो मोजा, निटेड र क्रोचेटेड नगरेको सामानः | | |
| | (१) सूतीको | १५% | |
| ६१.११ | पोशाकको लागि तयारी सहायक सामान (जस्तै डेसशिल्ड) (पोशाकलाई पसिनाबाट जोगाउने वस्तु), कुमको प्याड र अन्य प्याड, पेटी मफ (भुवादारी पंजा वा मोजा), बाहुला रक्षक, खल्तीः | | |
| | (१) सूतीको | १५% | |
| ६२.०१ | भ्रमणमा काम लाग्ने दोलाई र कम्बलहरू | | |
| | (ख) ऊन वा जीव-जन्तुको मसिनो रौंबाट बनेको अरु कम्बल, दोलाई | २०% | |



५६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (ग) सूतीको अन्य कम्बल, दोलाई | १५% | |
| | (घ) कृत्रिम रेशाको कम्बल, दोलाई | २०% | |
| | (ङ) अन्य रेशाको कम्बल, दोलाई | २०% | |
| ६२.०२ | ओछ्याउने तन्ना, टेबुलपोस, तौलिया, भान्छाको रूमाल, पर्दा वा अन्य सजावटका सामानहरू: | | |
| | (क) सूतीको तन्ना | १५% | |
| | (ग) सूतीको टेबुलपोस | १५% | |
| | (ङ) सूतीको बाथरूम र भान्छाको रूमाल | १५% | |
| | (छ) सूतीको अरू सामानहरू | १५% | |
| | (ज) झूल | १५% | |
| | (झ) अन्य रेशाको अन्य सामान | ३०% | |
| +६४.०२ | बाहिरी तलुवा वा छालाको वा मिश्रित छाला भएको जुत्ता, बाहिरी तलुवा रबरको वा कृत्रिम लचकदार पदार्थको जुत्ता (संकेत नं. ६४.०१ को पाउपोस बाहेक) | | |
| | (२) कपडाको जुत्ता | १५% | |
| ६६.०१ | छाता र घाम छल्ने वस्तु (सनसेट) (टेक्ने लट्ठी, छाता, छाताको पाल, बगैंचाको छाता र यस्तै छाताहरूसमेत) | १५% | |
| ६६.०३ | संकेत नं. ६६.०१ वा ६६.०२ मा पर्ने सामानको पार्टपूर्जा, फिट गर्ने सामान झुम्का, फुर्का र सहायक सामान | १०% | |
| ६८.०२ | स्मारक वा निर्माणको लागि तयार गरिएको ढुंगा र त्यसबाट बनेका सामान (संगमरमर गर्ने ठोस दाना पदार्थ) संकेत नं. ६८.०१ वा भाग ६९ अन्तर्गत पर्ने सामान बाहेक | २०% | |
| ७०.१९ | पोते, नकली मोती, नकली बहुमूल्य तथा अर्धबहुमूल्य पत्थर भाँचिएको, चुंडिएको वा | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
| --- | --- | --- | --- |
| | काँटछाँट गर्दाको टुक्राटाक्री र यस्तै फेन्सी वा सजावटका काँचका स-साना] माल र त्यस्ता काँचबाट बनेका सामानहरू, संगमरमर जस्तो वा यस्तै सजावटको प्रयोजनका कुनै आधारमा राखिएको वा नराखिएको बाक्लो घनाकार दाना (क्यूब) र स-साना काँचका प्लेट (पाता); काँचका कृत्रिम आँखा, खेलौनाको आँखासमेत (तर मानिसले लगाउने आँखा बाहेक), बत्ती जस्तो बनाएको काँचको; अलंकार र यस्तै अरू सजावटका सामान काँच कण: | | |
| | (२) चूरा वा बाला, टीका, टिकुली, पोते, पोतेका दाना | १५% | |
| ७३.३५ | फलाम वा इस्पातको स्प्रिङ्ग र पाता: | | |
| | (१) मोटरगाडीको प्रयोगको लागि | १५% | |
| | (२) मोटरसाइकलको प्रयोगको लागि | १५% | |
| | (४) अन्य | १५% | |
| ७३.३६ | फलाम वा इस्पातबाट बनेको स्टोभ (सेन्ट्रल हिटिंगको निमित्त सहायक ब्वायलरसमेत भएको स्टोभसमेत) रेन्ज, कुकर, मंझरी, अध्यानु र अन्य हिटर ग्याँस हिटिंग प्लेट तताउने, ग्रेट वा अरू तताउने तत्वद्वारा धुने ब्वायलर र यस्तै घर व्यवहारमा प्रयोग हुने अन्य सामान; (बिजुलीबाट चल्ने बाहेक) र बिनका पार्टपूर्जा: | | |
| | (क) पकाउने उपकरण र प्लेट तताउने पंखा | १५% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ८२.०६ | काट्ने पत्ती सहित भएको चक्कू, दाँत भएको वा नभएको (छाँट्ने चक्कूसमेत) संकेत नं. ८२.०६ अन्तर्गत पर्ने चक्कू, (स्याँगी) र त्यसका पत्ती बाहेक | २०% | |
| ८२.११ | दाह्री काट्ने मेशिन र त्यसको पत्ती खाली पत्ती (स्ट्रिपसको रूपमा भएको वा नभएको) | २०% | |
| ८२.१२ | कैंची (दर्जीको कैंचीसमेत) र कैंचीको पत्ती (ब्लेड) | २०% | |
| ८२.१३ | छुरा, कैंची, चक्कू जस्ता अन्य सामान (जस्तै कैंची, कपालको क्लीपर, बगरेको स्याँगी, कागज काट्ने स्याँगी, हातखुट्टाको नङ काट्ने सामानको समूह (सेट) र उपकरण र नङमा लाउने रेतीसमेत): | | |
| | (२) हातखुट्टाको नङ काट्ने सेट र उपकरण | २०% | |
| ८३.०७ | आधारभूत धातुबाट बनेको बत्ती, बत्ती मिलाउने वा जोड्ने सामान र त्यसका पार्टपूर्जा (स्वीच, बिजुलीको बत्ती झुण्याउने होल्डर, गाडीको लागि बिजुली बत्ती, बिजुलीको व्याट्री वा चुम्बकीय बत्ती र भाग ८५ को संकेत नं. ८५.२२ को सामान बाहेक): | | |
| | (३) लालटीन | १५% | |
| | (४) अन्य | २५% | |
| ८४.०६ | इन्टरनल कम्बसन पिष्टोन इन्जिनः | | |
| | (ग) भाग ८७ मा उल्लेखित यातायातका (मोटर भेहिकल्सको) साधनको इन्जिनः | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (२) मोटर साइकलको | १५% | |
| | (३) संकेत नं. ८७.०२ को मोटर भेहिकल्सको | १५% | |
| | (४) अन्य | १५% | |
| | (च) अन्य इन्जिन | १५% | |
| | (छ) उपसंकेत नं. (ग) देखि (च) सम्मको इन्जिनको पार्टपूर्जाः | | |
| | (२) संकेत नं. ८७.०२ अन्तर्गतको मोटर भेहिकल्सको | १५% | |
| | (३) मोटर साइकलको | १५% | |
| | (४) अन्यको | १५% | |
| ८४.६३ | ट्रान्समिसनको साफ्ट क्रेक विर्यारिग हाउसिंग प्लेन साफ्ट विर्यारिग गियर र गियरिंग (फिक्सन गियर, गियर बक्स अन्य विभिन्न प्रकारका स्पीड गियरसमेत) फ्लाइव्हिल्स, पुली, पुली ब्लचेक क्लज र साफ्ट कुपलिंगः | | |
| | (२) मोटर भेहिकल्सको | १५% | |
| | (३) मोटर साइकलको | १५% | |
| | (४) अन्यको | १५% | |
| ८४.६४ | धातुको पाता र अरू पदार्थ मिश्रित गास्केट र यस्तै जोर्नी (जस्तै अस्वेस्टस, जमोठ र पेपर वोर्ड) वा लेमिनेड धातुको फ्वायल, सेट र गास्केटको एशोर्टमेण्ट र यस्तै जोर्नी, इन्जिन, पाइप, ट्यूब र यस्तै पुचेजमा हालेको खामबन्दी गरेको वा यस्तैको भन्दा बनावट भिन्न भएकोः | | |
| | (२) मोटरको | १५% | |
| | (३) मोटर साइकलको | १५% | |
| | (४) अन्य | १५% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ८५.२२ | बिजुली उपकरणहरू जसको आफ्नै किसिमको काम भएको र यस भागको अन्य संकेतमा नपरेका उपकरणहरू: | | |
| | (ख) अन्य (टेलिभिजन बुष्टरसमेत) | ३०% | |
| ८७.०२ | मानिस, सामान वा पदार्थको यातायातको प्रयोगको मोटरगाडी (खेलकूदको मोटरगाडीसमेत, संकेत नं. ८७.०९ अन्तर्गत पर्ने बाहेक): | | |
| | (क) यात्रु मोटरकार (सार्वजनिक प्रकारको बाहेक) सामान र यात्रु समेतको प्रयोगको लागि निर्मित सवारीका साधनसमेत: | | |
| | (३) तीन पाँग्रे सवारी र ढुवानीको साधन (अटो रिक्सा) | २०% | |
| | (ख) सार्वजनिक यातायात किसिमका सवारीका साधनः | | |
| | (१) मिनी बस १२ सीटदेखि ३५ सीटसम्मको | ७०% | |
| | (ख) अन्य | २०% | |
| ८७.०३ | खास प्रयोजनका मोटर लहरी र भ्यान (जस्तै अवरोध गर्ने लहरी, दमकल इन्जिन, फायर इस्काप, बाटो बढार्ने लहरी, हिउँ जोत्ने गाडी, स्प्रे गर्ने गाडी, क्रेन लहरी, सर्च लाइट लहरी, घुम्ती कार्यशाला लहरी र घुम्ती रेडियोलोजीका इकाई) तर संकेत नं. ८७.०२ अन्तर्गत पर्ने मोटरगाडी बाहेकः | | |
| | (२) अन्य | २०% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ८७.०४ | संकेत नं. ८७.०१, ८७.०२ वा ८७.०३ अन्तर्गत पर्ने सवारीका साधनको इन्जिनमा फीट गरेको चेसीसः | | |
| | (२) बस, ट्रक वा लहरीको लागि | २०% | |
| | (३) तीन पाँग्रे (अटोरिक्सा) को लागि | २०% | |
| | (४) अन्य सवारीको लागि | ७०% | |
| ८७.०५ | संकेत नं. ८७.०१, ८७.०२ वा ८७.०३ मा पर्ने मोटरगाडीको लागि तयार भएको बडी (क्यावसमेत): | | |
| | (२) मोटरगाडीको लागि | २०% | |
| | (३) अन्य | २०% | |
| ८७.०६ | संकेत नं. ८७.०१, ८७.०२ वा ८७.०३ अन्तर्गत पर्ने मोटरगाडीका पार्टपूर्जा र सहायक उपकरण | १५% | |
| ८७.०७ | थोरै दूरीको निमित्त सामान वा यात्रु ल्याउने लैजाने काममा कारखाना, गोदाम, बन्दरगाह वा विमानस्थल प्लेट फर्ममा प्रयोग हुने प्लेट फर्म ट्रक, फोर्क लिफ्ट, ट्रक र स्ट्राडल क्यारियरमा प्रयोग हुने मेशीनद्वारा संचालित ट्रक, रेल्वे स्टेशनमा, प्लेट फर्ममा प्रयोग हुने ट्रक र माथि उल्लेख भएको गाडीको पार्टपूर्जाः | | |
| | (क) रेल्वे प्लेट फर्ममा प्रयोग हुने वर्क ट्रक र ट्याक्टर : | | |
| | (१) ट्रक | २०% | |
| | (ख) पार्टपूर्जा | १५% | |
| ८७.१२ | संकेत नं. ८७.०९,८७.१० वा ८७.११ अन्तर्गत पर्ने सामानका पार्टपूर्जा र सहायक उपकरणः | | |



५८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (२) मोटर साइकल | १५% | |
| ८७.१४ | मेशीनद्वारा संचालित बाहेकका अन्य सवारीका साधन (टेलरसमेत) र त्यसको पार्टपूर्जाः | | |
| | (घ) पार्टपूर्जाः | | |
| | (३) अन्य सवारीको साधनको टेलरको पार्टपूर्जा | १५% | |
| | (४) अन्य पार्टपूर्जा | १५% | |
| ९४.०४ | स्प्रिंग वा कमानी वा धातुका जाली (मेस) हरू जडान भएका खाट, पलंगहरू (म्याट्रेस सपोर्ट), स्प्रिंग जडिएका, भित्र केही वस्तु कोचेको, हालेको वा कसेको, फुलाएको फोम वा स्पंज रबरको वा फुलाएको फोम वा स्पंज कृत्रिम प्लाष्टिक पदार्थको ढाकिएको वा नढाकिएको, ओछ्यान र बर-बिछ्यौनाका सामानहरू (उदाहरणको लागि डसना, सिरक, दोलाई र हाँस आदि चराका मुलायम भूवा भरेको सिरक, दोलाई, गद्दा, नरम वस्तु कोचेको कवच र तकिया): | | |
| | (४) सिरक, दोलाई र पल्ला | १५% | |
| ९८.१२ | काइँयो, कपाल बंग्याउने र यस्तै सामानः | | |
| | (२) अन्य | १५% | |

अतिरिक्त भन्सार महशूल

१. साधारण भन्सार महशूल लाग्ने मालवस्तुको मूल्यमा देहायबमोजिमको थप अतिरिक्त भन्सार महशूल लाग्नेछः–

| साधारण भन्सार महशूल दर | अतिरिक्त भन्सार महशूल दर |
|---|---|
| (क) ५ प्रतिशत र १० प्रतिशतमा | २५ प्रतिशत |
| (ख) १५ प्रतिशत र २० प्रतिशतमा | ३५ " |



५८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (ग) २५ प्रतिशत र ३० प्रतिशतमा | | ४५ प्रतिशत |
| | (घ) ५० प्रतिशत वा सोभन्दा माथिमा | | ५५ " |

तर,

कृत्रिम रेशाबाट बुनिएको कपडा र त्यसबाट बनेका तयारी पोशाकको पैठारी मूल्यमा १०० प्रतिशत अतिरिक्त भन्सार महशूल लगाई असूल गरिनेछ ।

२. देहायका मालवस्तुहरूको पैठारीमा अतिरिक्त भन्सार महसूल लाग्नेछैन:–

(क) उद्योगहरूले पैठारी गर्ने मेशिनरी तथा उत्पादनको अवस्थामा बिक्रीकर बुझाउने उद्योगहरूले पैठारी गर्ने कोरामाल, सहायक कोरामाल र रासायनिक पदार्थ ।

(ख) औषधि र औषधोपचारका उपकरण तथा मालसामान ।

(ग) कृषि औजार तथा कीटनाशक औषधि ।

(घ) सिंचाइको लागि प्रयोग हुने पम्प र ट्यूबवेल ।

(ङ) लेख्ने र छाप्ने कागज ।

(च) कच्चा ऊन ।

(छ) वैज्ञानिक प्रयोगशाला सम्बन्धित उपकरण तथा कम्प्युटर ।

३. देहायका मुलुकहरूबाट पैठारी हुने मालवस्तुमा लाग्ने अतिरिक्त भन्सार महशूलमा देहायबमोजिम आंशिक छूट दिइनेछ:–

(क) जनवादी गणतन्त्र चीनको स्वशासित तिब्बत क्षेत्रमा उत्पादित मालवस्तु नेपाल अधिराज्यको उत्तरी सीमा क्षेत्रको बाटो गरी पैठारी हुँदा साधारण भन्सार महशूल दर ५० प्रतिशतभन्दा कम लाग्ने वस्तुहरूमा अतिरिक्त भन्सार महशूल लाग्नेछैन ।

(ख) भारतमा उत्पादित मालवस्तु नेपाल अधिराज्यमा पैठारी हुँदा साधारण भन्सार महशूल दर ५० प्रतिशतभन्दा कम लाग्ने वस्तुहरूमा अतिरिक्त भन्सार महशूल लाग्नेछैन ।

(ग) अधिकतम सौविध्य प्राप्त देशहरूबाट पैठारी हुने मालवस्तुमा लाग्ने अतिरिक्त भन्सार महशूल दरको ५ प्रतिशत छूट दिइनेछ ।

(घ) दक्षिण एशियाली देशहरू श्रीलङ्का, भुटान, माल्दिभ्स, बंगलादेश, पाकिस्तान र भारतबाट पैठारी हुने मालवस्तुमा लाग्ने अतिरिक्त भन्सार महशूल दरको १० प्रतिशत छूट दिइनेछ ।

५८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. शिशु आहारको लागि प्रयोग हुने प्याकेट तथा डिब्बाबन्दी धूलो दूध तथा पौष्टिक आहारको पैठारीमा १० प्रतिशत मात्र अतिरिक्त भन्सार महशूल लाग्नेछ।

५. स्वदेशी उद्योगले उत्पादन गर्ने खालका बाहेक कृत्रिम रेशाबाट बुनिएको कपडा र त्यसबाट बनेका तयारी पोशाकको पैठारीमा ५५ प्रतिशत मात्र अतिरिक्त भन्सार महशूल लाग्नेछ।

६. छाला उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ र रासायनिक पदार्थहरूको पैठारीमा अतिरिक्त भन्सार महशूल लाग्नेछैन।

## समिकारक महशूलः

नेपाल अधिराज्यमा मालवस्तुहरू पैठारी हुँदा नेपालमा ती मालवस्तुहरूमा जति अन्तःशुल्क लाग्ने गरेको छ, सो बराबरको दरमा समिकारक (countervailing) महशूल लगाई असूल गरिनेछ। तर देहायको अवस्थामा निम्नबमोजिम हुनेछः–

(क) औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने मालवस्तुहरू उद्योगले पैठारी गर्दा त्यस्ता मालवस्तुको पैठारीमा समिकारक महशूल लाग्नेछैन।

(ख) अन्तःशुल्क दरबन्दीमा उल्लेख भएको तर नेपाल अधिराज्यमा हालसम्म उत्पादन भै नसकेका मालवस्तु पैठारी हुँदा समिकारक महशूल लाग्नेछैन।

## विविधः

१. गुण्टा, झिटी, भारी आदेशअनुसार यात्रुहरूले महशूल माफीमा ल्याउन पाउने मालसामान बाहेक अन्य मालसामानहरू विदेशबाट आफूसंगै ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अन एकम्पनिड) मालसामानमा साधारण भन्सार महशूल, अतिरिक्त भन्सार महशूल तथा समिकारक महशूलको सट्टामा निम्नबमोजिम समदरको भन्सार महशूल लाग्नेछः–

(क) २० प्रतिशतसम्म साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा–५० प्रतिशत

(ख) २० प्रतिशतभन्दा बढी ३० प्रतिशतसम्म साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा –७५ प्रतिशत

(ग) ३० प्रतिशतभन्दा बढी ७० प्रतिशतसम्म साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा –१२५ प्रतिशत

(घ) ७० प्रतिशतभन्दा बढी साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा –१७५ प्रतिशत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर अतिरिक्त भन्सार महशूल नलाग्ने गरी तोकिएको वस्तुहरु पैठारी हुँदा समदर नलगाई प्रचलित साधारण भन्सार महशूल दर लागू हुनेछ ।

२. चिनीको पैठारीमा अतिरिक्त भन्सार महशूल तथा समिकारक महशूल लाग्नेछैन ।

३. हवाई मार्गबाट पैठारी हुने मालवस्तुहरूको ढुवानी खर्च निर्धारण गर्दा स्थल मार्गबाट नेपाल अधिराज्यका सिमानास्थित भन्सार कार्यालयहरूमा मालसामान पैठारी गर्दा लाग्ने ढुवानी खर्च सरह खर्च जोडी भन्सार महशूल लिइनेछ ।

४. नेपाली प्रकाशकले नेपाल अधिराज्यबाहिरबाट मुद्रण गरी ल्याएको पुस्तकको व्यवसायिक छपाइमा मूल्यको २ प्रतिशतका दरले भन्सार महशूल लाग्नेछ ।

५. नेपाल अधिराज्यमा खिचिएको फिल्म धुन वा प्रिण्ट गर्न वा डेभलप गर्न विदेश लगी पैठारी गरेको फोटोहरूमा धुलाइ खर्चको १० प्रतिशतका दरले भन्सार महशूल लाग्नेछ ।

६. यस अनुसूचीको महल नं. ४ मा जतिसुकै दर उल्लेख भएको भए तापनि भारत बाहेक अन्य मुलुकहरूमा निकासी हुने मालवस्तुमा १ प्रतिशत मात्र भन्सार महशूल लाग्नेछ ।

यस अनुसूचीमा उल्लेख नभएका मालवस्तुको सम्बन्धमा आर्थिक ऐन, २०४४ को अनुसूची –१ बमोजिम हुनेछ ।

## अनुसूची – २

### जनवादी गणतन्त्र चीनको तिब्बत क्षेत्रमा निकासी हुने वा सो क्षेत्रबाट पैठारी हुने सामानको भन्सारको महशूल दरबन्दी

जनवादी गणतन्त्र चीनको तिब्बत क्षेत्रमा निकासी हुने वा सो क्षेत्रबाट पैठारी हुने सामानको भन्सार महशूल दरबन्दी आर्थिक ऐन, २०४४ को अनुसूची –२ बमोजिम हुनेछ ।

## अनुसूची–३

### भारतबाट डी.आर.पी. फारामद्वारा पैठारी हुने मालसामान सम्बन्धमा

भारतबाट डी. आर.पी. फारामद्वारा पैठारी हुने मालसामानको सम्बन्धमा आर्थिक ऐन, २०४४ को अनुसूची–३ बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ४

### भारतको वण्डेड वेयर हाउसबाट पैठारी हुने मालवस्तुको महशूल दर

| संकेत नम्बर | माल वा वस्तुको विवरण | इकाई | महशूल दर रू. मा | मो.प्र.श. (%) |
|---|---|---|---|---|
| २७–१० ज(३) | | | | |
| | (क) बेस आयल | | | १५% |
| | (ख) मिनरल टर्पेण्टाइन आयल | | | १५% |

यस अनुसूचीमा उल्लेख नभएका माल वा वस्तुहरूमा आर्थिक ऐन, २०४४ को अनुसूची ४ को भन्सार महशूल दर लागू हुनेछ ।

## अनुसूची – ५

### अन्तःशुल्क दरबन्दी

### आ. व. २०४५।४६

| संकेत नं. | वस्तुको विवरण | इकाई | दर |
|---|---|---|---|
| ०१–४ | चामल | – | झिकिएको । |
| ०१–८ | लेमु, अरेन्ज, कोकाकोलाजस्ता (सोडा बाहेक) हल्का पेय पदार्थ | | प्रति लिटर रू. २।५० र थप मो.प्र.श. ५% |
| ०४–१ | पैकेट (टीन पैकेटसमेत) वा इन्स्टेन्ट चिया बाहेक अरू सबै किसिमको चिया | – | झिकिएको । |
| | (क) २० किलोग्रामभन्दा कम तौल भएको पैकेट वा बट्टावाल चिया | – | झिकिएको । |
| | (ख) सबै प्रकारका इन्स्टेन्ट चिया | – | झिकिएको । |
| ०६–१ | खाद्य तेल (तोरी, सस्यौं, रायो र आलसबाट उत्पादित) | – | झिकिएको । |
| १०–१ | (क) स्टेनलेस स्टिलबाट बनाइएका सबै किसिमका भाँडा वर्तन | | प्रति कि.ग्रा. रू. ६।– |
| | (ख) स्टेनलेस स्टिलका टुक्रा टाक्रीहरू (स्क्रेपबाट पगाली बनाउने ढलौट भाँडाकुँडा तथा कटलरी) | | प्रति कि. ग्रा. रू. ४।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ११–१ | हेसियन कपडा वा टाट | — | झिफिएको । |
| ११–२ | बोरा, सुतली | — | झिफिएको । |
| ११–३ | हेसियन कपडा र टाटबाट बनेको बोरा, झोलाहरू | — | झिफिएको । |
| १६–२ | कृत्रिम ऊनी (आर्टिफिसियल टप्सबाट तैयार भएको) धागो | प्रति कि. ग्रा. | रू. २०।– |

यस अनुसूचीमा उल्लेख नभएका कुरामा आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।

अनुसूची – ६

१. बिक्रीकरको दरबन्दी

| संकेत नं. | माल वा वस्तुको नाम तथा विवरण | करको दर प्रतिशतमा |
|---|---|---|
| १९–५ | म्याकरोनी, स्पागेटी (चाउचाउ) तथा खाद्यान्नको मिश्रणबाट बनेको तयारी खाजा स्न्याक्स र त्यस्तै उत्पादनहरू | १०% |
| ४०–१ | काँचो रबर (प्राकृतिक तरल, कृत्रिम तरल र त्यस्तै चोपहरू) | माफी |
| ४०–२ | अनभल्कनाइज्ड रबर प्राकृतिक तथा कृत्रिम समेत | १०% |
| ७३–१० | फलाम वा इस्पातको डण्डी (तार छडसमेत) खोक्रो खन्ने ड्रील इस्पात | १०% |
| ८२–६ | चम्चा, काँटा, स्यांगी, डाडु, पन्यौं र यस्तै भान्साका मालमत्ता स्टेनलेस स्टीलको | २०% |

२. स्वदेशमा स्थापित स्टेनलेस स्टीलका भाँडाहरू बनाउने उद्योगले बिक्री गर्ने भाँडाकुँडाहरूमा हाल लागी आएको बिक्रीकरमा २५ प्रतिशत छूट दिइनेछ ।

३. डिष्टीलरीबाट उत्पादन हुने निम्नकोटीको मदिराको बिक्री मूल्य वा न्यूनतम ग्यारेन्टीको रकमलाई दोब्बर गर्दा हुने रकम जुन बढी हुन्छ सोही रकमलाई बिक्री मूल्य कायम गरी दरबन्दी अनुसार बिक्रीकर असूल गरिनेछ ।

४. रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० बमोजिम ठेक्का बन्दोबस्त भएका मदिराको बिक्रीकर ठेक रकमलाई दोब्बर गरी बिक्री मूल्य कायम मानी सोभा बिक्रीकर असूल गरिनेछ ।

५. स्वदेशी उद्योगहरूले आफ्नो उत्पादनको निमित्त प्रयोग गर्न पैठारी गर्ने वा बिक्रीकरमा दर्ता भएका बिक्रेताबाट खरीद गर्ने औद्योगिक कच्चा पदार्थहरूमा



४८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो उद्योगले उत्पादन गर्ने मालसामानमा लाग्ने बिक्रीकरको दरभन्दा बढी भएमा यसरी पैठारी वा खरीद गरिएको कच्चा पदार्थहरूमा लाग्ने बिक्रीकरको दर उत्पादनमा लाग्ने दर सरहमात्र हुनेछ ।

६. स्वदेशमा उत्पादित सूती कपडा (तयारी पोशाक बाहेक) को बिक्रीमा बिक्रीकर पूर्णरूपमा माफी गरिएको छ । तर सूती र कृत्रिम वा अन्य रेशा मिश्रित धागोबाट बनेको कपडा भएमा सोही अनुपातको आधारमा बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

७. पैठारीमा कर छूट पाउने व्यक्ति वा संस्थाले कुनै मालसामान वा वस्तु पैठारी गरेमा कर छूट पाउने रहेछ भने त्यस्तो मालसामान वा वस्तु बिक्रेतामा दर्ता भएका स्वदेशी उद्योगहरूबाट खरीद गरेमा त्यस्तो मालसामान वा वस्तुमा लागेको कर फिर्ता दिइनेछ ।

८. कुनै उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ, यन्त्र उपकरण तथा औजारहरू पैठारी गर्दा बिक्रीकर नलाग्ने रहेछ भने त्यस्ता उद्योगले स्वदेश-को उद्योगबाट खरीद गर्ने उक्त माल वस्तुमा बिक्रीकर लगाइनेछैन ।

९. कुनै उद्योगले आफ्नो उत्पादन पब्लिक लिमिटेड कम्पनी वा सार्वजनिक व्यापारिक संस्थानमार्फत बिक्री गरेमा बिक्रीकरको दरबन्दी अनुसार नै बिक्रीकर लाग्नेछ ।

१०. समुद्रपार वा भारतबाट पैठारी हुने सिमेन्टमा (सेतो सिमेन्ट बाहेक) प्रति मेट्रिक टन रू. २,०००।–(दुई हजार) मूल्य कायम गरी बिक्रीकर असूल गरिनेछ ।

११. यस अनुसूचीमा उल्लेख भएका बाहेक अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।

## अनुसूची – ७

## आयकर

(क) आयकर लाग्ने दर:

व्यक्ति, दम्पति वा परिवार तथा साझेदारी फर्म, प्रा. लि. कम्पनी, संस्था र अस्थायी वासिन्दाको लागि:

| | | |
|---|---|---|
| पहिलो रू. | ५,०००।– मा | १० प्रतिशत |
| त्यसपछिको रू. | ५,०००।– मा | १५ प्रतिशत |
| त्यसपछिको रू. | १०,०००।– मा | २० प्रतिशत |
| त्यसपछिको रू. | १५,०००।– मा | २५ प्रतिशत |

450



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| त्यसपछिको रु. | १५,०००।– मा | ३० प्रतिशत |
| त्यसपछिको रु. | ३०,०००।– मा | ४० प्रतिशत |
| त्यसपछिको जतिसुकै भएपनि | | ५० प्रतिशत |

(ख) देहायको अवस्थामा निम्नबमोजिम हुनेछः

(१) पारिश्रमिक आयमा उच्चतम सीमान्त आयकर दर ४० प्रतिशत कायम गरिएको छ ।

तर पारिश्रमिक आयकरदाताको पारिश्रमिक आयबाहेक अन्य आयको स्रोत भएमा पारिश्रमिक आयको हकमा उक्त दरबमोजिम अधिकतम ४० (चालीस) प्रतिशतसम्म मात्र लगाई सो दरले खामेभन्दा बढी हुने अन्य आयमा आयकरको माथिल्लो दर ५० (पचास) प्रतिशत लगाई असूल उपर गरिनेछ ।

(२) व्यक्तिको लागि रु. १५,०००।– (पन्ध्र हजार रूपैयाँ) र दम्पति वा परिवारको लागि रु. २०,०००।– (बीस हजार रूपैयाँ) आयकर नलाग्ने छूटको सीमा दिई आयकर निर्धारण गरिनेछ ।

(३) अस्थायी वासिन्दाको आयमा खण्ड (क) मा उल्लेख भएको दर अनुसार लाग्ने करको रकममा १२ (बाह्र) प्रतिशत थप कर लाग्नेछ ।

तर अन्तर्राष्ट्रिय बोलपत्रद्वारा लिइएको ठेक्कामा थप कर लाग्नेछैन ।

(४) सेक्यूरिटी खरीद बिक्री केन्द्रमा शेयर सूचिकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूबाहेकका साझेदारी फर्म, प्रा. लि. कम्पनी, संस्था र अस्थायी वासिन्दालाई आयको छूटको सीमा नदिई पूरै खूद आयमा खण्ड (क) बमोजिम आयकर निर्धारण गरिनेछ ।

(५) कुनै पनि उद्योगले जडित क्षमतामा वृद्धि हुने गरी विस्तार गरेमा पाउने सहुलियत औद्योगिक व्यवसाय ऐनबमोजिम हुनेछ । यस अनुसूचीमा उल्लेख भएको बाहेक अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ८

## शहरी क्षेत्रको घरजग्गामा लाग्ने करको दर

| घर र त्यसको लगापातको मूल्य | करको दर |
|---|---|
| रू. २ लाखसम्म | केही नलाग्ने |
| त्यसपछिको रू. ५ लाखसम्म | एकमुष्ट रू. १००।– |
| त्यसपछिको रू. ५ लाखसम्म | ०.१५ प्रतिशत |
| त्यसपछिको रू. ५ लाखसम्म | ०.५० प्रतिशत |
| त्यसपछिको रू. ५ लाखसम्म | १.०० प्रतिशत |
| त्यसपछिको माथि जतिसुकैमा | २.०० प्रतिशत |

द्रष्टव्यः

घरजग्गाकरको प्रयोजनको लागि 'परिवार' भन्नाले दम्पति (वैवाहिक सम्बन्ध कायम रहेको) छुट्टिएको वा नछुट्टिएको नाबालक छोरा-छोरीहरूसमेतको इकाईलाई सम्झनु पर्छ ।

लालमोहर सदर मितिः– २०४५।८।२६।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

452



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।